जानकी गाउँपालिका
दुर्गौली, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल


# जानकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

प.स. २०८३/०८४

च.नं.

### लेखापरीक्षक नियुक्तिका लागि लेखा परीक्षकहरुको नाम, थर र विवरण पेश गर्ने बारेको सूचना।

प्रकाशित मितिः- २०८३।०५।२५

प्रस्तुत विषयमा यस गाउँपालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १७१ बमोजिम आ.व. २०८२/२०८३ को अन्तिम लेखा परीक्षण गर्नुपर्ने भएकोले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) नियम २५ (१) को ढ १ र नियम २६(१) को ञ बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्णय सहित ३ (तीन) जना लेखा परीक्षकको नाम, थर, सम्पर्क नम्बर र तपसिल बमोजिमका कागजातहरु सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८३ साल असोज ८ गते भित्र यस गाउँपालिका कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।तोकिएको समयमा लेखापरीक्षकको नाम, थर र विवरण उपलब्ध नगराएमा गाउँपालिका कार्यालयले जुनसुकै लेखा परीक्षकलाई लेखापरीक्षणको लागि खटाउन सक्नेछ।लेखा परीक्षकको नाम सिफारिस गर्दा आ.व. २०८२/०८३ को सामाजिक परीक्षण प्रतिवेदन समेत अनिवार्य पेश गर्नु पर्नेछ।

**विद्यालयहरुले सिफारिस सहित पेश गर्ने लेखापरीक्षकका कागजातहरुः**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. दर्तावाला लेखापरीक्षकको आ.व. २०८२ र २०८३ का लागि फर्म नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखानम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. लेखा व्यवसायी दर्ता प्रमाणपत्रको प्रतिलिपि
५. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता लिएको प्रमाणपत्रको प्रतिलिपि
६. गत आ.व. को कर चुक्ताको प्रतिलिपि
७. कालो सूचीमा नपरेको स्वः घोषणा।

धर्मानन्द कपाडी
शिक्षा शाखा प्रमुख

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

नोटः– सम्पूर्ण विद्यालयहरुले आ.व.२०८२।०८३ को लेखापरीक्षण २०८३ कार्तिक मसान्त सम्म अनिवार्य गरीसक्नु पर्नेछ।



फोन नं. ✆ ०९१-५०००७६,०९१-५०००७७, ०९१-५०००७८, ०९१-५०००७९ (LEOC)
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
Google Plus Code : H455+W2H Durgauli